धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प.सं. :- २०७९।०८०
च.नं. :- ६२९

मिति :- २०८०।०१।२१

विषय: स्थानान्तरण प्रमाण पत्र सम्बन्धमा ।

श्री कक्षा ८ को परीक्षामा विद्यार्थी सहभागी गराएका सबै विद्यालयहरु
धनगढी उप-महानगरपालिका, कैलाली ।

प्रस्तुत विषयमा यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद महाशाखामा शैक्षिक सत्र २०७९ मा एउटा विद्यालयमा अध्ययन गरी शैक्षिक सत्र २०८० मा अर्को विद्यालयमा स्थानान्तरण हुन चाहने विद्यार्थीहरुलाई सम्बन्धित विद्यालयहरुले स्थानान्तरण प्रमाण पत्र उपलब्ध नगराएको र सोही कारणले अर्को विद्यालयले भर्ना नलिएको भनी गुनासो आउने गरेको हुनाले सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

नरेन्द्र बहादुर खाती
उपसचिव

देहाय

१. यस कार्यालयको मिति २०८०।०१।०३ को आधारभूत तह (कक्षा ८) को परीक्षाको नतिजा सम्बन्धमा विषयको सूचना बमोजिम विद्यालयले प्रकाशन गरेको नतिजामा विद्यार्थी कक्षा ९ मा भर्नाको लागि योग्य देखिएमा सोही सूचनाका आधारमा कक्षा ९ मा भर्ना गर्ने ।

२. त्यहाँ विद्यालयमा शैक्षिक सत्र २०७९ मा कक्षा ८ मा अध्ययनरत विद्यार्थी शैक्षिक सत्र २०८० मा अन्यत्र विद्यालयमा भर्ना हुनका लागि स्थानान्तरण प्रमाण पत्र माग गरेमा नतिजा Complete भएकाको हकमा प्राप्त GPA खुलाएर र नतिजा Incomplete भएका विद्यार्थीको हकमा Incomplete भएको विवरण खुलाई स्थानान्तरण प्रमाण पत्र उपलब्ध गराउने ।

३. पुर्नर्योगका लागि आवेदन दिएका विद्यार्थीहरुको हकमा पुनर्योगको नतिजा प्रकाशन भए पश्चात मात्र स्थानान्तरण प्रमाण पत्र जारी गर्ने ।

४. ग्रेडवृद्धि परीक्षामा सहभागी हुने विद्यार्थीहरुको हकमा ग्रेडवृद्धि परीक्षाको नतिजा प्रकाशन भएपश्चात मात्र स्थानान्तरण प्रमाण पत्र जारी गर्ने ।

५. त्यहाँ विद्यालयमा कक्षा ९ मा अन्यत्र विद्यालयबाट आफ्नो विद्यालयमा विद्यार्थी भर्ना गर्दा विद्यालयले उपलब्ध गराएको स्थानान्तरण प्रमाण पत्रका आधारमा भर्ना गर्ने ।

६. स्थानान्तरण प्रमाण पत्र जारी गर्न कुनै समस्या भएमा वा यस बारे थप कुरा बुझ्नु परेमा शिक्षा, युवा तथा खेलकुद महाशाखाको फोन नम्बर ०९१-५२६७२९ मा सम्पर्क गर्नु हुन समेत अनुरोध छ ।

बोधार्थ :

श्रीमान नगर प्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध ।
श्रीमान नगर उप-प्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध ।
श्री सञ्चार तथा सूचना प्रविधि शाखा : वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरीदिनु हुन ।